Rupantaran : A Multidisciplinary Journal
Vol. III : 109-118, March, 2020
ISSN : 2091-0061
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# 'नैकापे सर्किनी' कथामा शक्तिसम्बन्ध

ईश्वरा पौडेल[1]
इमेल : *ishwaraojha@gmail.com*

## सार

*प्रस्तुत आलेख पारिजातको 'नैकापे सर्किनी' कथामा निहित शक्तिसम्बन्ध विश्लेषण गर्न केन्द्रित छ । पाश्चात्य क्षेत्रमा विकसित साांस्कृतिक अध्ययनको अन्तर्गतको सीमान्तीयतासम्बन्धी चिन्तनमा शक्तिसम्बन्धको अवधारणालाई महत्त्वका साथ हेरिन्छ। साहित्यमा यो नवीन समालोचना पद्धतिका रूपमा विकसित छ। अन्तोनियो ग्राम्सीले प्रभुत्वसम्बन्धी मान्यताको परिचर्चाका क्रममा अघि सारेको शक्ति सम्बन्धको अवधारणा फुकोलगायतका विद्वान्को विचारबाट परिपोषित छ । समाजमा अस्तित्वमा रहेका विभिन्न वर्ग, जाति, लिङ्ग, धर्म, संस्कृति तथा क्षेत्रीयताका बीचमा शक्तिको के कस्तो सम्बन्ध रहेको छ भन्ने कुरालाई शक्तिसम्बन्ध भनिन्छ । यस आलेखमा शक्तिसम्बन्ध सम्बन्धी मान्यताका आधारमा 'नैकापे सर्किनी' कथाको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । मुख्यतः शक्तिसम्बन्धका वर्ग, धर्म, जाति र संस्कृति जस्ता सैद्धान्तिक आधारमा पाठ विश्लेषणात्मक पद्धतिको अनुसरण गरिएको यो गुणात्मक लेखमा विवेच्य कथामा प्रयुक्त कथ्य र सहभागीको अवस्था र समाजमा रहेको शक्तिसंरचना र विभिन्न वर्गको हैसियतको विश्लेषण गरिएको छ। मूलतः पुस्तकालयीय विधिका आधारमा तथ्यको सङ्कलन गरेर निर्धारित कथाको विषयविश्लेषण गरिएको यो लेख शक्ति सम्बन्धका विषयमा खोज गर्ने अनुवर्ती खोजकर्ताका लागि उपयोगी हुन जान्छ । 'नैकापे सर्किनी' कथामा वर्गीय रूपमा उच्च वर्ग र माथिल्लो भनिएका जातिले समाजमा प्राप्त भएको सम्पूर्ण शक्तिको उपभोग गरेको तर निम्न वर्ग र तल्लो मानिएका जाति यसबाट पूण वञ्चित भएको स्पष्ट हुन्छ । लैङ्गिक रूपमा पुरुष हैकमका कारण नारीहरू शक्तिहीन र अधीनस्थ बनेका छन् । सांस्कृतिक दृष्टिमा कथामा चित्रित समाजमा उच्च संस्कृतिको दवदवा रहेको र निम्न संस्कृति नियन्त्रित भएको छ । यसर्थ 'नैकापे सर्किनी' कथामा उच्च वर्ग, पुरुष सत्ता र उच्च संस्कृति र यसका मान्यताहरूको सत्ता कायम भएको हुनाले शक्ति उनीहरूको केद्रित रहेको र निम्न वर्ग, नारी समूह र निम्न संस्कृति नियन्त्रित र अधीनस्थ बनेको स्पष्ट हुन्छ ।*

**मुख्य शब्दावली :** शक्तिसम्बन्ध, यातना गृह, प्रभुत्व, हैकमवाद, सीमान्तीय

## विषय परिचय

पारिजात (१९९३-२०५०) द्वारा रचना गरिएको 'नैकापे सर्किनी' शीर्षकको कथा पारिजातका प्रतिनिधि कथाहरू(२०७४) भित्र सङ्कलित छ । उनका कथासङग्रहहरू आदिम देश (२०२५), सडक र प्रतिभा (२०३२), साल्गीको बलात्कृत आँसु (२०४३), बधशाला जाँदा आउँदा (२०४९) कथासङग्रह प्रकाशित भएका छन् । यिनले आफ्ना कथामा अस्तित्ववादी विसङ्गतिवादी हुँदै प्रगतिवादी जीवनदृष्टि प्रस्तुत गरेकी छन् । पारिजातका कथायात्राको पहिलो चरणका अस्तित्ववादी-विसङ्गतिवादी कथामा अहम्को बोध र स्वअस्तित्वप्रतिको सङ्घर्ष छ

१. लेखक त्रि.वि. भोजपुर बहुमुखी क्याम्पस, भोजपुरमा नेपाली बिषयको उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

भने दोस्रो चरणका कथामा वर्गीय दृष्टिकोण पाइन्छ (गौतम, २०५६, पृ. १३५) । यिनका कथामा सामाजिक विभेद, असमानता, शोषण तथा अन्याय-अत्याचारको तीव्र विरोध गरिएको छ । पारिजातले यस 'नैकापे सर्किनी' कथाभित्र निम्नस्तरका मान्छेभित्रको पीडालाई स्पष्ट पारेकी छिन् । 'नैकापे सर्किनी' कथाभित्र वर्गगत आधारमा शोषण र शोषितको यथार्थता देखाइएको छ । यहाँ अभाव अपाङ्गता गरिबीले निरीह बन्न पुगेको सार्कीको परिवारको चित्रण गरिएको छ । 'नैकापे सर्किनी कथामा शक्तिसम्बन्ध' शीर्षकको यस लेखमा उक्त कथामा चित्रित समाजमा रहेका विभिन्न वर्ग, जाति, लिङ्ग, र संस्कृतिका बीचमा शक्तिको के कस्तो सम्बन्ध छ भन्ने कुराको अध्ययन नै प्रमुख समस्या रहेको छ । यही समस्यामा आधारित रही 'नैकापे सर्किनी' कथाभित्र रहेका विभिन्न समूह वा वर्गबीचमा रहेको शक्तिको बाँडफाँडको विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

साहित्यको सीमान्तीय अध्ययन विषयका सैद्धान्तिक मान्यतामाथि खोजविन गरेर र खास कृतिको सीमान्तीयताका मुख्य अवधारणाका आधारमा पछिल्लो समयमा अध्ययन-विश्लेषण गरिएको पाइन्छ । तारालाल श्रेष्ठ (२०६८) ले 'शक्ति सत्ता र सवाल्टर्न' नामको पुस्तकमा सीमान्तीयताका लागि सवाल्टर्न शब्दको प्रयोग गरेर ग्राम्सीदेखि गुहासमूह हुँदै सावित्री स्पिभाकसम्मका चिन्तनको चर्चा र नेपाली लोक र लिखित साहित्यको सीमान्तीय अध्ययन गरेका छन् । ऋषिराज बराल (२०७३) ले 'मार्क्सवाद र सवाल्टर्न अध्ययन' नामको पुस्तकमा सीमान्तीयताको विकास र यसका मान्यता तथा मार्क्सवादका कोणबाट ग्राम्सीको प्रभुत्वसम्बन्धी अवधारणाको विश्लेषण गरेका छन् । मोहनराज शर्मा (२०७०) ले भृकुटीमा प्रकाशित 'अवरजन अध्ययन र साहित्य' शीर्षकको लेखमा सीमान्तीयताका लागि अवरजन शब्दको प्रयोग गरेर समाजमा हरेक हिसाबमा पछि पारिएका र पराधीन वर्ग वा समूहलाई अवरजन भनेका छन् । शर्माले साहित्यको सीमान्तीय अध्ययन गर्दा सीमान्तीय अवधारणाका आधारमा कृतिमा रहेका पात्रको प्रतिनिधित्व र भूमिकाको अध्ययन गर्नुपर्ने मान्यता अघि सारेका छन् । यसबाहेक विश्वविद्यालयको दर्शनाचार्य तहको अनुसन्धानका क्रममा सीमान्तीयतासम्बन्धी अध्ययन भएको छ तर पारिजातको 'नैकापे सर्किनी' कथाको सामाजिक संरचना र यहाँको शक्तिसम्बन्धका बारेका कुनै पनि अध्ययन भएको छैन । पारिजातको 'नैकापे सर्किनी' कथामा समाजमा विभिन्न आधारमा उत्पीडनमा परेका पात्रहरूको अवस्था र पराधीनता अभिव्यक्त भएको छ । त्यसैले सीमान्तीयताको एउटा अवधारणा मानिएको शक्तिसम्बन्धका आधारमा यस कथाको विश्लेषण गर्नु समीचीन ठहर्छ ।

## विधि र सामग्री

अध्ययनका क्रममा पुस्तकालय विधिबाट सीमान्तीयताको सैद्धान्तिक अवधारणाको निक्यौंलका लागि द्वितीयक सामग्री लिइएको छ भने विश्लेषणका लागि लिइएको कथालाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । यस लेखमा पूर्वनिर्धारित मान्यताका आधारमा कथाको विश्लेषण गरिएको हुनाले निगमन विधिको प्रयोग गरिएको छ र सामग्रीको विश्लेषणका क्रममा वर्णनात्मक विधिको अवलम्बन गरिएको छ । यहाँ शक्तिसम्बन्धको सैद्धान्तिक पर्याधारको सङ्क्षेपमा परिचय दिएर विवेच्य कथाको विश्लेषण गरिएको छ । कथाको विश्लेषण गर्न वर्ग, लिङ्ग, धर्म, जाति र संस्कृतिलाई सूचक मानी ती अवधारणाका आधारमा कथामा रहेको शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । यस अध्ययनले पारिजातको एउटा कथाको सीमान्तीय अध्ययन हुने र सीमान्तीयताका आधारमा कुनै पनि कृतिको शक्तिसम्बन्धका विषयमा लेख्न चाहने अध्येताहरूका लागि सहयोग पुग्ने देखिन्छ ।

## परिणाम र छलफल

### शक्ति सम्बन्धको सैद्धान्तिक पर्याधार

समाजमा रहेका वर्ग, जाति, लिङ्ग, धर्म, संस्कृति तथा क्षेत्रीयताका बीचको शक्तिको सम्बन्ध र सन्तुलन के कस्तो छ भन्ने कुरालाई नै शक्तिसम्बन्ध भनिन्छ । शक्तिसम्बन्धमा शक्तिको सन्तुलन वा असन्तुलनको अवस्थाको अध्ययन गरिन्छ । शक्तिसम्बन्धका विषयमा अनतोनियो ग्राम्सीले प्रभुत्वसम्बन्धी मान्यताको परिचर्चाका सन्दर्भमा

व्याख्या गरेका छन् । यस सम्बन्धमा उनको प्रिजन नोटबुकमा लेखिएको विनाबल प्रयोग पनि समाजभित्रका विभिन्न वर्गलाई प्रभुत्वले बाँधेको हुन्छ (पाण्डेयः, २०६३ पृ. ६४) भन्ने मत महत्त्वपूर्ण मानिन्छ । उच्च बौद्धिक तहका व्यक्तिहरूलाई राज्यका मूल्य मान्यताहरू लादिँदैन तर स्वतन्त्र र कुटनीतिक रणनीतिमा अधीनस्थ गरी सर्वसाधारणलाई शोषण गरिन्छ । यस्तो वातावरणको ज्ञाता श्रमिकहरू हुँदैनन् । उनीहरू लुटिएको र शोषित भएको पत्तै पाउँदैनन् र आफ्नो भाग्य नै कमजोर भएको महसुस गर्छन् । राज्यलाई तटस्थ दमनकारी छैन भन्ने आभास दिनका लागि हल के भन्छन् भने जैविक बुद्धिजिवीले दुई तहमा काम गर्छन् । पहिलो उनीहरू बौद्धिक कार्यको अग्र मोर्चामा रहने र दोस्रो बौद्धिक क्रियाकलापका माध्यमबाट उनीहरूकै आर्जित र विकसित ज्ञानको सम्प्रेषण गर्ने गर्छन् (हल, २०१२ः पृ. ३८) । यसरी राज्यकै तर्फबाट अप्रत्यक्ष ढङ्गले हैकम र शासनबाट तल्लो वर्गलाई अधिनस्थ बनाएको हुन्छ ।

फुकोले शक्तिसम्बन्धका विषयमा विमर्श, ज्ञान र शक्तिसम्बन्धी मान्यता प्रस्तुत गरेका छन् । फुकोले विमर्श भाषाकै माध्यमबाट प्रकट हुन्छ भनेका छन् । फुकोको विचारमा कहिल्यै पनि एउटा केन्द्रको एकाधिकार हुँदैन । यो जालोजस्तो सङ्गठनका माध्यमबाट प्रयोग गरिन्छ र उद्घाटित हुन्छ (पाण्डेय, २०७३ः पृ. ७४) । शक्तिको प्रवाहमा पीडित-पीडक सबै जाकिएकै हुन्छन् । फुकोले दमनकारी पक्षका पक्षमा आफ्नो मान्यता प्रस्तुत गरेका छन् (पौडेल, २०७०, पृ. ९४) । रगत र माटोको प्राकृतिक सम्बन्धले मात्र व्यक्तिको समुदायप्रतिको समग्र आत्मसमर्पणलाई स्पष्ट पार्न सक्दैन । मानिस प्रकृति र जनावरभन्दा बढी अरू पनि केही हो । त्यसैले उसले सोच्ने कार्य कहिल्यै छोड्न सक्दैन । मानिस सोच्ने प्राणी भएको हुनाले उसले आफूलाई जनावरहरूभन्दा फरक राख्छ । मानवीय स्वतन्त्रतालाई पूरा गर्नुभन्दा ध्यस्त नपारेसम्म स्वतन्त्रताको राजनैतिक वाध्यता व्यक्ति आफैंको स्वतन्त्र अभ्यास मात्र हुन सक्छ (मार्कस, २०७२, पृ. १२२-२३) । भन्ने मार्कसको भनाइ फुकोको दृष्टिमा अपूर्ण मानिन्छ ।

लुइस आल्युसरले पनि मार्क्सवादका धारणाको खण्डन गर्दै समाजलाई एउटा यस्तो संरचनाका रूपमा व्याख्या गरे, जो सापेक्ष कानुनी, राजनितिक र सांस्कृतिक स्तरको स्वायत्तताबाट बनेको हुन्छ (पाण्डेय, २०७०, पृ. १७८) । उनी आर्थिक पक्ष जत्तिकै कानुन, धर्म, संस्कृति र विचारधाराले पनि उत्तिकै महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा जोड दिन्छन् । उनका विचारको विश्लेषण गर्दा शक्ति भन्ने कुरा अधीनस्थ धर्म, राजनीति, संस्कृति विचार आदिले निर्धारण गर्छ । मार्क्सवादी मान्यताअनुरूप समाजमा शक्तिसम्बन्धको निर्माणमा आर्थिक पक्षको प्रमुख भूमिका रहन्छ । आर्थिक पक्षले समाजमा आधार र अधिरचनाको स्वरूपअनुरूप नै शक्तिसम्बन्ध स्थापित हुन्छ । मार्क्सवादी विचारले वर्गसङ्घर्ष गर्दै नयाँ, गतिशील, जीवन्त र ऊर्ध्वगामी तत्त्वलाई आफूभित्र समाहित गर्छ (बराल,२०७३, पृ. २४) । मार्क्सवादी मान्यताअनुसार आधारमा परिवर्तन हुनासाथ अधिरचना वा विचारमा परिवर्तन हुने र सोहीअनुसार समाजमा शक्तिसम्बन्धको निर्माण हुन्छ । तर शक्तिसम्बन्धको मान्यताले मार्क्सवादी आर्थिक पक्षधरतालाई मात्र आधार नमानेर सापेक्ष रूपमा राजनीति, धर्म, संस्कृति, वर्ग, लिङ्ग आदिको नयाँ मान्यता अघि सारेको देखिन्छ ।

## 'नैकापे सर्किनी' कथाको कथासार

नैकापे सर्किनी निरस र पट्यासलाग्दो जीवन गुजारा गरिरहेकी छे । उसका दैनिक कार्यहरू रुटिनबद्ध छन् । ऊ बिहान अँध्यारै उठेर दुःखको मानो पकाई आफ्नो अपाङ्ग लोग्नेलाई खुवाएर विष्णुमतीको बगरमा बालुवा झिक्न जान्छे र दिनभर काम गरेर बेलुका पाटीमा फर्कन्छे । बेलुका पनि उसैगरी खाना पकाएर लोग्नेलाई खुवाएर मुर्दाजस्तो गरी सुत्छे । बालुवाको ठेक्का गर्ने साहूसँग ऊ राम्ररी संवाद पनि गर्दिन किनकि उसको भाषा मरिसकेको छ । घरमा भएको अपाङ्ग लोग्ने उसलाई कुनै प्रकारको पारिवारिक र प्रणय सुख त दिन सक्दैन, बदलामा भाषाले पिट्छ र आँखाले बलात्कार गर्छ । पुसमाघको ठन्डीमा पनि बिहानै पानीमा भिजेर बालुवा झिकिरहेकी उसलाई घाम छिप्पिएपछि आउनू नि, खोलाको बालुवा कतै जादैन भनेर भन्ने कुनै मानिसको संवेदनाहीन प्रश्नको ऊ उत्तर

दिन सक्दिन । ऊ कुनै विदेशी आफ्नै नजिक आएर फोटो खिच्दा पनि थाहा पाउँदिन । उसलाई विदेशी युवकले दिएको ५ रूपैँया लोग्नेले रक्सी खानका लागि हत्याउने मनमनै सम्भिन्छे । देशमा भएका सांस्कृतिक पर्वहरूको हर्षोल्लासपूर्ण झाँकी र राजनैतिक परिवतर्नका जुलुसलाई ऊ देख्दिन पनि सुन्दिन पनि ।

सार्की अपाङ्ग भएको हुनाले घस्रन सक्ने ठाउँसम्म पुग्छ र दिनभरि तास खेलेर हार, झगडा र हीनभावना बोकेर पाटीमा फर्कन्छ । दिनभरि पानीमा भिजेर काम गरेर आएकी सर्किनीसँग फेर्ने लुगा पनि छैन । चिसै लुगा लगाएर एकातिर गुडुल्किन्छे र सुत्छे । केही दिनअघि एउटा भिखारीले उसलाई लुट्ने प्रयास गर्छ । ऊ कुचोले त्यसको प्रतिकार गर्छे । सर्किनीको आक्रमणले भिखारी भाग्छ र कहिल्यै आउँदैन तर सर्किनी लोग्नेमान्छेको भाषा र शब्दसँग मात्र होइन, अब एउटा बलियो लोग्नेमान्छेका शरीरसँग जुध्नुपर्ने वाध्यता अभिव्यक्त गर्छे । सर्किनी सपनामा पनि बालुवा झिकिरहेको देख्छे । इन्च इन्च गरेर आफू सिद्धिरहेकी सर्किनीको कुनै इतिहास लेखिँदैन तर उसको श्रमले भवन निर्माण भइरहेको हुन्छ ।

## विवेच्य कथाको शक्तिसम्बन्ध विश्लेषण

शक्ति सम्बन्धको विश्लेषण भनेको समाजमा विभिन्न आधारमा प्रकारीकृत सामाजिक संरचनाको आपसी अस्तित्व वा सम्बन्धको लेखाजोखा हो । यहाँ विवेच्य कथा 'नैकापे सर्किनी' को शक्तिसम्बन्ध विश्लेषण वर्ग, लिङ्ग, धर्म, जाति र संस्कृति गरी जम्मा पाँचवटा आधारमा गरिएको छ ।

***वर्ग:*** 'नैकापे सर्किनी' कथाभित्र वर्गगत शक्ति सम्बन्धको स्थिति दरिलो रूपमा प्रकट गरिएको छ । यस कथाभित्र निम्न वर्गका सार्की र सर्किनी उच्च वर्गको दबाबमा बाँचेका छन् । उनीहरूले पाटीमा आफ्नो जीवन गुजारिरहेको र शासन सत्ताको निरंकुशमा आफ्नो पसिना बगाएकी नैकापे सर्किनीभित्र श्रमको मूल्य आफूले पाउनुपर्ने कुरामा कुनै चेतना र परिवर्तनशील विचार आएको छैन । सर्किनी आफ्नो जीवनलाई नमरुञ्जेलसम्म बचाउनका लागि आफ्नो जीवनमा नियमबद्ध रुटिनमा आबद्ध भएकी छे । यस कुराको पुष्टिका लागि तलको तथ्यलाई प्रस्तुत गरिएको छ :

***तथ्य- १***

*नैकापे सर्किनीको निम्ति जीवन खालि बाँच्दै जानु बाँच्दै जानु जबसम्म मर्दैनौँ । यी बाँच्दै जानुभित्र उसका केही दैनिक क्रियाकलापहरू रुटिनबद्ध छन् । बिहान अँध्यारैमा उठ्नु दुःखको मानो पकाउनु र...... लोग्नेलाई खुवाउनु अनि सुत्नु मुर्दा जस्तै । (पारिजातका प्रतिनिधि कथाहरू, २०७४, पृ ४८)*

सर्किनीले जीवनलाई हाँसीखुसी जिउन सकिरहेकी छैन । ऊ शारीरिक रूपमा आराम गर्न र मिठोमसिनो खानका लागि सक्षम छैन । आफ्नो जीवनलाई सार्थक बनाउन नसकेर नमरुञ्जेल बाँच्नैपर्ने बाध्यात्मक परि स्थितिको चित्रण कथाभित्र गरिएको छ । उच्च वर्गको शक्तिले सर्किनीले भोग्नुपरेको अन्याय र पीडालाई कथाले मार्मिक रूपमा प्रस्तुत गरेको छ । सर्किनीले दिनरात बालुवा झिक्ने काम गर्छे तर उसलाई एकसरो लगाएर शरीर ढाक्ने लुगा र एक पेट खाने खाना जुटाउनका लागि धौंधौ परेको छ । यस कथाभित्रकी सर्किनी गरिब, निरीह र चेतनाविहीन पात्रका रूपमा प्रस्तुत गराइएकी छ । उसँग मौसमअनुसारको चिसोतातोबाट बच्ने खालको लुगासमेत छैन । यस कुराको पुष्टिका लागि तलको तथ्यले सहयोग गर्छ:

***तथ्य- २***

*मङ्सिर, पुस र माघ भनेको शीत, तुसारो र ठिहीको महिना हो । यतिखेर सिरक पन्छाएर मुख देखाउन घामले पनि गाह्रो मान्छ । ऊ बिहानी धेरै लामो समयसम्म सुतिदिन्छ उही पनि भुवाको कोट लगाउँछ तर नैकापे सर्किनी ऊ, त्यही लुगा लगाएर आउँछे, जो उसले जेठ महिना लगाएकी थिई ।(ऐ. ऐ. पृ ४८-४९)*

यस कथाकी पात्र सर्कीनी दिनरात पसिना बगाउँछे, परिश्रम गर्छे तर ऊ विवशतामा बाँचेकी छे । कामले थाकेर ऊ मुर्दासरह सुत्नु र श्रमको मूल्य प्रतिफल आफ्नो हातमा नपर्नुले नेपाली समाजमा रहेका निम्न वर्गको प्रतिनिधित्व उसले गरेकी छे । नेपाली समाजमा निम्न वर्गले पसिना बगाएका छन् तर त्यसबाट प्राप्त आम्दानी उच्च वर्गका गोजीभित्र पसेको वास्तविक यथार्थलाई कथाले देखाएको छ । यस कुराको पुष्टिका लागि तलको तथ्यको प्रस्तुत गरिएको छ :

***तथ्य- ३***

*नैकापे सर्किनीलाई घामको अस्तित्वप्रति शङ्का लाग्छ आजभोलि । उसको समय अन्धकार हो । फेरि ऊ अँध्यारोदेखि नै घुँडासम्म पानीमा डुबेर बालुवा निकाल्दै थुपार्दै गरिरहेकी हुन्छे र आफैँ पनि बालुवाजस्तै निर्जीव र चिसो भइसकेकी हुन्छे । त्यसैले जाडोको खुराकको ह्याङ्ओभर पचाई फरको कोट लगाएर बाह्र बजेतिर ढल्किँदै आउने घामले उसलाई कतैबाट छुँदैन । उसको चिस्याइले चुनौती दिन्छ, घाम भाग्छ हारेर । (ऐ. ऐ. पृ ४९)*

यस कथाभित्र नेपाली समाजमा चिसो, तातो र पीडाको भागिदार निम्न वर्गले बन्नुपर्ने र आर्थिक लाभको भागिदार उच्च वर्गले बन्ने यथार्थ सत्य मुखरित छ । यहाँ निम्न वर्गले निर्जीव र यन्त्रवत् काम गर्दासमेत जीवनयापनलाई सहज बनाउन नसकेको अवस्था रहेको छ । नेपाली समाजमा उच्च वर्गले निम्न वर्गलाई प्रयोग गरेर आफूलाई मजबुत बनाउने र शासक बनेर मोज गर्ने र समग्र समाजको शक्ति प्रयोगको अवस्था विशेषको चित्रण यहाँ छ । राज्यका तर्फबाट पनि विभिन्न राष्ट्रिय पर्वहरू मनाइरहेको छ तर निम्न वर्गलाई उचाइ दिन सहयोग मिल्ने खालका कुनै पनि कार्यक्रमको तयारी नगरेको कुरा तलको तथ्यले स्पष्ट्याएको छ :

***तथ्य- ४***

*यो तीन महिनाभित्रमा देशले निकै ठूला ठूला पर्वहरू मनाइसकेको छ । यही पुलमाथिबाट संविधान दिवसको जुलुस बगेको थियो । धिमेबाजा, ब्याण्डबाजा, नारा, झाँकी तर नैकापे सर्किनीले केही देखिन, केही सुनिन पनि । ऊ एकनासे बालुवा निकालिरही । विकासको नारा र झाँकीसँग उसलाई कुनै पनि मतलव छैन । (ऐ. ऐ. पृ. ४९)*

नेपाली समाजमा उच्च वर्गको वर्चश्व र हैकमवाद अन्त्य गर्न कसैको ध्यान पुगेको छैन । यहाँ निम्न वर्गलाई सम्बोधन गरी श्रम र प्रतिफलको सम्बन्ध जोड्ने उद्देश्यले राज्यका कार्यक्रमहरू सञ्चालन गर्न नसकिएको यथार्थतालाई प्रस्तुत गरिएको छ । अर्काको पसिना खाने र बोक्रे गफ र धाकमा रमाउने उच्च वर्गले आफ्नो सत्ता र शक्तिको आडमा निम्न वर्गलाई कज्याएको स्थितिको चित्रण गरिएको छ । यसको विवरण तलको तथ्यले दिन्छ:

***तथ्य- ५***

*बोक्रे धाक त अर्काको पसिना खानेले मात्र लगाउन सक्छ, सर्किनीले सक्दिन ।.... साँझ चार बजे ऊ वालुवाको धापबाट निस्कन्छे । फलाम जस्तै चिसो र कठोर भएर । त्यो थुपारिएको वालुवाको खात ठीक उसको जीवनको प्रतीक थियो रसहीन र रुखो । चार शब्दमा ऊ हरियो लसुन र मकैको पिठो किन्छे र यन्त्रचालित जस्तो पाटीमा फर्कन्छे । (ऐ. ऐ. पृ. ५०)*

'नैकापे सर्किनी' कथाभित्रकी सर्किनीको ओत लाग्ने आफ्नो घरसमेत छैन । गर्मी र जाडो नभनी सदैव काम गर्ने सर्किनी यन्त्रवत् श्रमिक हो र नेपाली समाजमा रहेका गरिबहरूको दुर्दशाजन्य वस्तुपरक चित्राकृति पनि हो । ऊ काम सकेर घर फर्किंदा चिसो लुगा लगाएर पाटीमा फर्कनु र राति सपनामा समेत वालुवा झिकेको देख्नुले गरिबहरूको लगनशील र इमान्दारी व्यक्तित्व र उनीहरूको श्रमप्रतिको सकारात्मक सोचाइलाई चित्रित गरेको छ ।

नेपाली समाजमा निम्न वर्गको हाड, मासु र रगत मात्रै सकिएको छ । कुनै इतिहासमा सीमान्तीय वर्गको योगदान लेखिएको छैन । नैकापे सर्किनीजस्ता निम्छरा वर्गको शारीरिक श्रमको शोषण गरी उच्च वर्गले आफ्नो सत्तालाई दह्रो र बलियो बनाइरहेको कुरा कथाभित्र स्पष्ट्याइएको छ । कथाभित्रकी पात्र सर्किनीको जीवन निरस छ । उसको जीवन मरुभुमितुल्य छ । यस कुरालाई तलको साक्ष्यले देखाउँछः

***तथ्य- ६***

*यो तीन महिनाभरिमा मैले अध्ययन गरेको जीवनमा कति नीरस कति पट्यारलाग्दो । ऊ त्यो त्यही नैकापे सर्किनीको जीवनमा मरुभूमिको दुष्कर यात्रा जस्तो जीवन अझ त्यो भन्दा कठिन । मरुभूमिमा त कमभन्दा कम कतै 'ओएसिस' हुन्छ भन्ने आशा हुन्छ । यहाँ त्यो पनि छैन । (ऐ. ऐ. पृ. ४९)*

नैकापे सर्किनीको जीवन निरास हुनुमा आर्थिक अभाव मुख्य कुरा हो । उसले जति नै काम गरे पनि उसको हातमा त्यसको प्रतिफल नपरेकोले उसको जीवनमा घरपरिवारविहीन भएर बस्नु परेको छ । उसका लागि पाटीको बास र अपाङ्ग लोग्नेको सेवाले गर्दा उसमा कुनै ऊर्जा र परिवर्तन आउन सकेको छैन । उसको जीवन जिउँदो भएर पनि मुर्दासरह सुत्नुले शारीरिक श्रमद्वारा थकित भएको देखाइएको छ। उसभित्र भएको भाषासमेत अर्थविहीन बनेकाले संवादसमेत अन्त्य गरी निरन्तर काम गर्नु नै आफ्नो नैतिक दायराभित्र राखेर ऊ अगाडि बढिरहेकी छे ।

***लिङ्गः*** 'नैकापे सर्किनी' शीर्षकबाट नै महिला वर्गलाई सङ्केत गरिएको छ । यहाँ नैकापे सर्किनीबाट गरिब महिला र निमुखा वर्गकी महिलाको प्रतिनिधित्व भएको छ । सर्किनीले आफ्नो जीवन धान्न वालुवा झिक्ने काम गरिरहेकी छे । यस कथाभित्रकी सर्किनीले घरधन्दा गर्ने, खाना पकाउने-खुवाउने र आफूमाथि आश्रित अपाङ्ग श्रीमान्को सेवा गर्ने सम्पूर्ण जिम्मा लिएकी छे । नैकापे सर्किनीले रुटिनबद्ध रूपमा जिम्मेवारी र उत्तरदायित्व पूरा गर्दै घरभित्र र घरबाहिर सन्तुलित ढङ्गले काम गरेकी छे । यहाँ प्रयुक्त सार्कीले भने श्रीमतीलाई शारीरिक, मानसिक तथा आर्थिक रूपमा सहयोग गर्न सकेको छैन तर ऊ श्रीमतीलाई भाषाले पिट्छ । सर्किनीलाई सार्कीले आफू पुरुष भएकै कारणले अधीनस्थ पारेको छ । यस कुरालाई तलको तथ्यले पुष्टि गर्छ :

***तथ्य- १***

*उसको लोग्नेले उसलाई शारीरिक रूपमा माया पनि गर्न सक्दैन र घृणा पनि गर्न सक्दैन । त्यसैले ऊ सर्किनीलाई भाषाले पिट्छ, आँखाको अभिव्यक्तिले बलात्कार गर्छ र शब्दले लात हान्छ । (ऐ. ऐ. पृ. ४८)*

यहाँ सार्की पुरुषको प्रतिनिधि पात्र हो । उसले यहाँ पुरुष वर्गको हैकम जमाएको छ । सार्की आफू केही गर्न शारीरिक रूपमा असक्षम छ । अन्नदाताको रूपमा उसलाई श्रीमतीले सेवा र सहारा दिइरहेकी छे तर ऊ श्रीमतीलाई हेय भाषाले झपारिरहेको छ र हेय रूपमा शारीरिक चेष्टाहरूले सर्किनीलाई पीडा दिइरहेको छ । यहाँ प्रयुक्त सार्की नेपाली समाजमा पुरुष वर्ग हो, जो सदैव महिलाहरूलाई शोषण गरिरहेको छ । महिला आफ्नो सहारा र पालनपोषणकर्ता भएर पनि सार्कीले उसलाई कुनै प्रंकारको सम्मानपरक शब्दसमेत दिन नसकेको अवस्था कथाभित्र प्रस्तुत भएको छ । अतः यहाँकी सर्किनी लैङ्गिक रूपमा पुरुषद्वारा शोषित पात्र हो । सर्किनी आफ्नो दैनिक काममा व्यस्त छे । उसलाई कसैको रिस डाहा छैन र डर पनि हराइसकेको छैन । ऊ भिखारी पुरुषद्वारा लुट्न प्रयासरत देखिएकी छे । नेपाली समाजमा पुरुष जस्तोसुकै होस् तर एउटी महिलामाथि नियन्त्रण गर्न प्रयत्नरत देखिएको छ । नेपाली समाजमा पुरुष सत्ताको हावी र हैकमवादी प्रवृत्तिले गर्दा सर्किनी जस्ता महिलाहरू शोषित भएका छन् । यसको पुष्टि तलको उदाहरणले गर्छ :

***तथ्य- २***

*केही दिनअघि उसको गरिब स्वास्नी मान्छे हुनुको नियतको फाइदा उठाएर त्यतैको एक जना ठगी खाने भिखारी उसलाई लुट्न त्यहाँ पसेको थियो । सर्किनीले थाहा पाई, यो उसको अस्मिताको प्रश्न थियो । यहाँ भाषा र शब्दसँग होइन एउटा बलिष्ठ र सिङ्गो लोग्ने मान्छेको शरीरसँग जुध्नुपर्नै हुन्छ । (ऐ. ऐ. पृ. ५०)*

नेपाली समाजमा महिलाहरू स्वतन्त्र र निर्भीक भएर बाँच्न पाउने वातावरण सिर्जना हुन नसकेको र एउटी गरिब स्वास्नी मान्छेले आफ्नो इज्जतलाई जोगाएर राख्नका लागि समेत सङ्घर्ष गर्नुपर्ने अवस्थाको यथार्थ चित्र कथाभित्र उतारिएको छ। नेपाली समाजमा पितृसत्ताको अधिनस्थताले गर्दा महिलाहरू पीडित छन्। यहाँका महिलाहरूले पुरुषको शरीरसँग जुध्नुपर्ने र मानसिक यातना भोग्नुपर्ने वास्तविक सत्यलाई यहाँ स्पष्ट्याइएको छ। नैकापे सर्किनी गरिब र महिला भएकै कारणबाट एउटा भिखारी पुरुषले समेत उसको शरीर लुट्ने हिम्मत गरेको छ। यहाँ पुरुष जस्तोसुकै भए पनि ऊ बलिष्ट र हिम्मतदार हो भनी नेपाली समाजले स्वीकृति दिएको तथ्य आफ्नो सत्मार्गमा बसेकी महिलामाथि पशुवत् व्यवहार गर्ने भिखारीमार्फत् प्रष्टिन्छ। समाजमा नेपाली पुरुष मात्रै होइन, विदेशी पुरुषले समेत नेपाली महिलाहरूलाई शोषण गर्ने वातावरण देखिन्छ। एउटा विदेशीले अर्काको देशका महिलाहरूको आँखाको मुस्कान चोर्ने प्रयत्न गर्नुले पुरुषसत्ताको अधीनस्थता तथा विश्व सामन्तवादी प्रवृत्तिको फैलावटलाई अभिव्यक्त गरेको बुझिन्छ। यस कुराको पुष्टिका लागि तलको तथ्यलाई प्रस्तुत गरिएको छः

***तथ्य- ३***

*नेपाली महिलाहरूको आँखाको मुस्कान चोर्न आउने एकजना टुरिष्टले उसको पनि फोटो खिच्यो एक दिन उसको निरस अभिव्यक्तिको फोटो। यो पनि उसले थाहा पाइन। एकैचोटि एउटा सेतो अग्लो खैरो कपाल भएको मान्छे उसको अघि उभिन आइपुग्दा पो ऊ झसङ्ग भई। (ऐ. ऐ. पृ. ४९)*

नेपाली महिलाहरू आफ्नै देश र अन्य देशका पुरुष समेतले अन्याय गरिरहेको कुरालाई स्पष्ट्याएको छ। महिलाहरू आफ्नै देश र विदेशमा समेत शोषित भएका छन् भन्ने अभिमत यहाँ प्रष्ट पारिएको छ। सर्किनीलाई विदेशी पुरुषले दिएको पाँच रुपियाँ लोग्नेबाट लुकाएर राख्ने कुरामा ऊ सचेत देखाइएकी छे। लोग्नेको रक्सी खाने बानीले पटकपटक पैसा हत्याएको यथार्थताले ऊ आफ्नो पीडा सम्झिरहेकी छे। सर्किनीलाई पैसा भए पनि नभएको अभिनय गर्न रक्सी खाने उसको लोग्नेले बाध्य बनाएको छ। यस कुराको पुष्टिका लागि तलको तथ्य प्रस्तुत गरिएको छः:

***तथ्य- ४***

*त्यो पाच रुपिँयाको नोट थैलीभित्र तह लाउँदा उसले आफ्नो अपाङ्ग लोग्नेलाई झलास्स सम्झिन्छे। यो फाल्तु पैसा ऊसँग भएको एकदम थाहा पाइनु हुँदैन, ऊ निकै सचेत रहनु पर्नेछ। आफ्नो पैसा नभएकै अभिनयप्रति नत्र उसको लोग्नेले रक्सी खानको निम्ति याचना गर्नलाई एउटा शब्दकोश खर्च गर्नुपर्नेछ। सर्किनीलाई शब्दको ओइरोदेखि घृणा छ। (ऐ. ऐ. पृ. ४९)*

नेपालका महिलाहरू आर्थिक रूपमा पुरुषहरूबाट शोषित छन्। यहाँकी सर्किनीले रक्स्याहा श्रीमान्बाट पैसा लुटिने डरले पैसा नभएको नाटक गर्ने सोच बनाएकी छे। यहाँका महिलाहरू आफ्नो कमाइ राख्न र कतैबाट आएको पैसालाई निश्चिन्त रूपमा उपभोग गर्न नपाएको कुरालाई यस कथाले चित्रण गरेको छ। नेपालमा महिलाहरू आयआर्जनका लागि पसिना बगाउने तर त्यसबाट प्राप्त आयको स्वतन्त्र रूपमा उपभोग गर्न नपाउने नेपाली संस्कारलाई यस कथाले समेटेको छ। यहाँ आफ्नै श्रीमान्बाट आर्थिक रूपमा लुटिने डर भएकी सर्किनीको व्यथा आम नेपाली महिलाहरूको व्यथा हो भन्ने बुझिन्छ।

***धर्म :*** नैकापे सर्किनी कथाभित्र हिन्दू धर्मावलम्बीको चर्चा गरिएको छ। यहाँ धर्मको नाममा मन्दिर जाने र पाठपूजा गर्ने तर मानवीय पीडा भने नबुझ्ने धर्मभिरुका रूपमा एक महानुभावलाई उभ्याइएको छ। यसको लागि तलको तथ्य पर्याप्त देखिन्छ :

***तथ्य- १***

*धर्मको नाउँमा मन्दिर धाउने एकजना महानुभावले एकदिन उसलाई सोधेको थियो -"अलिक घाम छिपिएर त आउनु, यो बगरको बालुवा कहाँ भाग्छ र ?" उसले कुनै प्रतिक्रिया जनाइन माने उसको यस्तो यातनागृहमा कैद छ अब उसले मान्छेको भाषा बुझ्न छोडीसकेकी छ। (ऐ. ऐ. पृ. ४९)*

'नैकापे सर्किनी' कथाभित्र मन्दिर धाउने हिन्दू धर्मावलम्बीले एक श्रमिकमाथि गरेका व्यवहार देखिन्छ । यहाँ प्रयुक्त सर्किनी प्रतिक्रियाविहीन छे । यो जान्नेसुन्ने भनिएको मानिसले सर्किनीलाई भनेको कुराको भाषाशैली हेययुक्त ढङ्गको छ । नैकापे सर्किनी आफ्ना समस्याका खातिर दुई गाँस खानु र अपाङ्ग श्रीमान्लाई खुवाउनका लागि दिनरात नभनी काममा व्यस्त छे र यो बाध्यात्मक अवस्था हो । सर्किनीका लागि बगरको जीवन यातनगृह बनिसकेको छ । एकजना महानुभावको कुराले यहाँकी सर्किनीलाई यातनामाथि यातना थपिदिएको छ । नेपाली समाज र संस्कृतिमा धार्मिक रूपमा हिन्दू धर्मले अलिक बढी प्रभुत्व जमाएको कुरा यहाँ स्पष्ट रूपमा देखाइएको छ । यहाँ नैकापे सर्किनीलाई तल्लो स्तरको कामदार भएकाले धर्मभिरु व्यक्तिसँग प्रतिक्रियाविहीन बनाइएको छ । नैकापे सर्किनीलाई बिहानै चिसोमा वालुवा निकाल्ने रहर होइन, उसको कर हो । यसरी धार्मिक रूपमा मन्दिर धाउने मानिसहरूको मानवीय संवेदना भने गिरेको हुनाले धर्मका ठेकेदार पनि हुनेखाने नै हुन् भन्ने कुरा छर्लङ्ग हुन्छ ।

***संस्कृति:*** 'नैकापे सर्किनी' कथाभित्र नेपाली समाजको सभ्यता र शिष्टताको पनि चित्रण गरिएको छ । यहाँ हिन्दू धर्मावलम्वीहरू मन्दिर धाउने, पाठपूजा गर्ने, रातो टिका लगाउने तर तल्लो वर्गलाई हेपेर बोल्ने संस्कृतिलाई यहाँ देखाइएको छ । नैकापे सर्किनी बगर जीवनको यातना गृहमा कैद भएकी छे । उसको जीवन पीडा नै पीडाले भरिएको छ तर हिन्दूसंस्कृतिको अबलम्बन गर्ने महानुभावले सर्किनीको व्यथालाई नबुझी उल्टै दबाबयुक्त भाषा बोलेको छ । यस कुराको पुष्टिका लागि तलको तथ्यले सहयोग गर्छ :

***तथ्य- १***

*अलिक घाम छिप्पिएर त आउनु यो बगरको बालुवा कहाँ भाग्छ र ? उसले कुनै प्रतिक्रिया जनाइन माने उसको जीवन यस्तो यातनागृहमा कैद छ जहाँ अब उसले मान्छेको भाषा बुझ्न छोडिसकेकी छ । (ऐ. ऐ. पृ. ४९)*

नेपाली हिन्दू संस्कारले पनि सामाजिक न्याय निर्माण गर्न सकेको छैन । मन्दिर धाउने र धर्म गर्ने मान्छेले एउटा कामदारमाथि बोलेको भाषाले सामन्तवादी संस्कार र गरिब दुःखीलाई हेप्ने दबाउने तनाब दिने संस्कृति नेपालमा विकास भइरहेको कुरा कथाभित्र अभिव्यक्त गरिएको छ । नेपालमा हिन्दू धर्मको शक्ति र वर्चश्वका कारण समाजमा अन्य व्यक्तिहरू पीडित रहेको कुरा यहाँ प्रष्ट देखिन्छ ।

'नैकापे सर्किनी' कथाभित्र नेपाली संस्कृतिभित्र विभिन्न जातजाति समाहित भएको कुरा खुलाइएको छ । यहाँ विधिको शासनमा राज्य चलेको कुरासमेत उल्लेख गरिएको छ । संविधान दिवसको उपलक्ष्यमा जुलुसका साथ हर्षोल्लास गरिएको कुरा वर्णित छ । नेपालमा विभिन्न जातजातिहरूको बसोबास र आ-आफ्नो संस्कार र संस्कृतिका झाँकीहरू प्रस्तुत गरिएको कुरा छ । यहाँ धिमेबाजा, ब्याण्डबाजा र झाँकी प्रदर्शन भएका छन् तर नैकापे सर्किनी मत्लव राख्दिन । यस कुरालाई तलको उदाहरणले प्रष्ट पार्छ :

***तथ्य- २***

*यो तीन महिनाभित्रमा देशले निकै ठूला ठूला पर्वहरू मनाइसकेको छ । यही पुलमाथिबाट संविधान दिवसका जुलुस बगेका थिए । धिमेबाजा, ब्याण्डबाजा, नारा, झाँकी तर नैकापे सर्किनीले केही देखिन, केही सुनिन पनि । ऊ एकनासे बालुवा निकालिरही । विकासको नारा र झाँकीसँग उसलाई कुनै पनि मतलव छैन । (ऐ. ऐ.पृ. ४९)*

नेपालमा उच्च वर्गले धिमेबाजा, व्याण्डबाजा, नारा, झाँकी र संविधान दिवसको उपलक्ष्यका नाराहरू घन्काए तर निम्न वर्गको संस्कृतिका कामबाहेक सर्किनीले केही पनि नदेख्नु र नसुन्नुले नेपाली समाजमा उच्च वर्गकाले सांस्कृतिक सुविधाको भोग गरेको तर निम्न वर्गको संस्कृति भनेको केवल श्रमको संस्कृति मात्र बनेको हुनाले सबै सांस्कृतिक सुविधाबाट बञ्चित रहेको पुष्टि हुन्छ ।

***जातिः*** 'नैकापे सर्किनी' कथाभित्रको समाजले जातिगत रूपमा निम्न जातिलाई हेय दृष्टिले प्रस्तुत गरेको छ । यहाँ शीर्षकमा नै सर्किनी भनेर राखिएको छ । नैकाप क्षेत्रमा बस्ने गरिब दुःखी निरीह महिला पात्रलाई सर्किनी बनाएर यहाँ उपस्थिति गराइएको छ । यहाँकी प्रयोग भएकी सर्किनी तल्लो जातको चेतनाविहीन छे । नेपाली समाजमा सार्की जातिलाई तथाकथित सानो जात र निम्नस्तरको मजदुरको रूपमा यहाँ प्रस्तुत गरिएको छ । यहाँ एउटा सार्की परिवारको पारिवारिक आर्थिक र चेतनास्तरको चित्रण गरिएको छ । तलको तथ्यले यस कुराको पुष्टि गर्छ :

***तथ्य- १***

*उसको श्रीमान्‌ले उसलाई शारीरिक रूपमा माया पनि गर्न सक्दैन र घृणा पनि गर्न सक्दैन । त्यसैले ऊ सर्किनीलाई भाषाले पिट्छ, आँखाको अभिव्यक्तिले बलात्कार गर्छ र शब्दले लात हान्छ । एउटा अति विवश मान्छे हो सार्की तर आफ्नो विवशताप्रति एकरत्ति सचेत छैन । (ऐ. ऐ. पृ ४८)*

यस कथाभित्र जातिगत रूपमा सानो जाति भनी विभेद गर्ने नेपालको परम्परागत र रुढि संस्कारलाई देखाइएको छ । यहाँ प्रयुक्त पात्रहरू सार्की र सर्किनीलाई गरिब विपन्न निमुखाका रूपमा प्रस्तुत गरिएको छ । नैकापे सर्किनीलाई एकोहोरो काम गर्ने श्रमिकका रूपमा र राज्यको मूलधारबाट अलग गरिएकी पात्रका रूपमा कथाभित्र चित्रण गरिएको छ ।

***तथ्य- २***

*साँझ चारबजे ऊ बालुवाको धापबाट निस्कन्छे फलामजस्तै चिसो भएर र कठोर भएर । त्यो थुपारिएको बालुवाको खात ठीक उसको जीवनको प्रतीक हो रसहीत र रुखो । (ऐ. ऐ. पृ. ५०)*

नैकापे सर्किनी रुढिगत हिसाबमा सानो जातका रूपमा प्रस्तुत गराइएकी छ र उसमा अग्रगामी सोच र बौद्धिक विचारहरू समेत कतै पनि देखाइएको छैन । नेपाल बहुजातीय बहुसांस्कृतिक मुलुक हो । यहाँ मानिसहरूको जातीय तथा सांस्कृतिक एकता हुनुपर्दछ भन्ने विचारहरू सतहमा आउँछन् तर यथार्थमा सामाजिक न्याय भने कायम हुन नसकेको तत्कालीन समयको सामयिक यथार्थलाई कथाले स्पष्ट पारेको छ ।

## निष्कर्ष

'नैकापे सर्किनी' शीर्षकको कथाले नेपाली समाजको सामाजिक विभेदलाई प्रस्तुत गरेको र समाजमा वर्गगत असमानताले गर्दा शोषण र शोषितको बीचमा रहेको खाडललाई यस कथाले स्पस्ट्याएको छ । समाजमा उच्च वर्गका मानिसहरूले निम्न वर्गका मानिसलाई आफ्नो सत्तारुपी शक्तिका कारण नियन्त्रण र नियमनमा राखेको र निम्न वर्गको अस्तित्व नामेट पारेको तथ्य यहाँ अभिव्यक्त भएको छ । यस कथामा लिङ्गगत रूपमा महिलाहरू पनि पुरुषसत्ता र हैकमवादले गर्दा पीडित र पराधीन बनेका छन् । नेपालमा उच्च संस्कृतिमा धिमेबाजा, व्याण्डबाजा, नारा, झाँकी र संविधान दिवसको उपलक्ष्यका नाराहरू घन्किएका बेलामा निम्न संस्कृतिमा कामबाहेक केही पनि छैन । यसले गर्दा नेपाली समाजमा उच्च वर्गकाले सांस्कृतिक सुविधाको भोग गरेको तर निम्न वर्गको संस्कृति भनेको केवल श्रमको संस्कृति मात्र बनेको हुनाले सबै सांस्कृतिक सुविधाबाट बञ्चित रहेको तथ्य प्रष्ट्याइएको छ । यहाँ शक्तिसत्ताले शासन गर्ने मानिसहरू वा उनीहरूको कार्य संस्कार र संस्कृतिले निम्न वर्गलाई दबाब र तनाव दिइरहेको अवस्था सजीव रूपमा चित्रण भएको छ । यहाँ उच्च सांस्कृतिक दवदवामा निम्न संस्कृति अधीनस्थ भएको वा मूल्यहीन बनेको छ । निष्कर्षतः 'नैकापे सर्किनी' कथामा उच्च वर्ग, पुरुष सत्ता र उच्च संस्कृति र यसका मान्यताहरूको सत्ताले निम्न वर्ग, नारी समूह र निम्न संस्कृति नियन्त्रित र अधीनस्थ बनाएको तथ्य स्पष्ट हुन्छ ।

## सन्दर्भग्रन्थ सूची

*इन्फादा, पूर्ण (२०७४, सम्पादन). पारिजातका प्रतिनिधि कथाहरू.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, देवीप्रसाद (२०५६). *नेपाली कथा,* दोस्रो संस्करण. काठमाडौँ : के.पी. पुस्तक भण्डार ।

पाण्डेय, ताराकान्त (२०७०). संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद, लिखत पाण्डे, सम्पा. *भृकुटी* (समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक सङ्ग्रह), भाग - १९. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

………… (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पौडेल, रामचन्द्र (२०७०). *मार्क्सवाद र संरचनावाद एक तुलनात्मक विश्लेषण,* प्रवर्तक, पूर्णाङ्क ३, पृ ९२-९९ ।)

बराल, ऋषिराज (२०७३). *मार्क्सवाद र सवार्ल्टन अध्ययन.* काठमाडौँः साझा प्रकाशन ।

Hall, stuart, (2012). *Cultural studies and its theoretical legaeies : The cultural studies reader*. Third and Indian edition (Ed, simon During). London and New York : Roadledge.

शर्मा, मोहनराज (२०७०). अवरजन अध्ययन र साहित्य, लिखत पाण्डे, सम्पा. *भृकुटी* समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक सङ्ग्रह), भाग - १९. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सवार्ल्टन.* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

❑